# राष्ट्रिय मानव अधिकार आयोग

**National Human Rights Commission**

केन्द्रीय कार्यालय, Central Office

हरिहर भवन, पुल्चोक, ललितपुर, Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal

## प्रेस विज्ञप्ति

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७२ साउन १३ गते

**१४ वर्षीय बालक दिनेश साहमाथि भएको प्रहरी दमनको घटनाप्रति आयोग गम्भीर,**

**घटनाको सत्यतथ्य छानबिन गरी दोषीलाई कारबाही गर्न माग ।**

संविधानको मस्यौदामाथि सर्वसाधारणको राय सुझाव लिने क्रममा प्रदर्शनकारी र प्रहरीबीच धनुषाको जनकपुरमा भएको दोहोरो झडपमा १४ वर्षिय बालक दिनेशकुमार साहमाथि प्रहरीले गरेको आक्रमणको घटनाप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

आयोगकी सदस्य तथा प्रवक्ता मोहना अन्सारीको नेतृत्वमा धनुषा र रौतहट जिल्लाको मानव अधिकारको अवस्था अनुगमन गर्न गएको अनुगमन टोलीले जनकपुरमा भएको घटनाको बारेमा त्यहाँका राजनैतिक दल, नागरिक समाज, मानव अधिकारकर्मी, प्रहरी प्रशासन, आन्दोलनकारी, पत्रकार र सर्वसाधारणसँग छुट्टै-छुट्टै स्थानमा भएको छलफलपछि आयोगले विना कारण १४ वर्षीय बालक दिनेशमाथि निर्ममतापूर्वक गरेको वल प्रयोगले मानव अधिकारको ठाडो उल्लङ्घन भएको छ ।

घटनामा घाइते भई न्यूरो अस्पताल विराटनगरमा उपचारार्थ बालक दिनेशको प्रभावकारी उपचारको व्यवस्था मिलाउन एवं सम्पूर्ण उपचार खर्च समेत सरकारले व्यहोर्न तथा घटनाको सत्यतथ्य छानबिन गरी घटनामा दोषी देखिएकालाई कारबाही गर्न आयोग सरकारलाई आग्रह गर्दछ ।

घटनामा प्रहरीले बालबालिकाहरुमथि औचित्यहीन बल प्रयोग गरेको पाइएको छ । आक्रमणमा सहभागी नै नभएका अधिकांश व्यक्तिहरुलाई प्रहरीले कुटपीट गर्नु गैरकानूनी हो । घटनाका सम्बन्धमा विरोधकर्ताहरुले गरेका कृयाकलापहरु शान्तिपूर्ण र सम्मानजनक नदेखिएको पनि आयोगको अनुगमनबाट पाइएको छ । शान्तिपूर्ण रुपमा भइरहेका विरोधका कार्यक्रमलाई प्रहरीले हस्क्षेप गरेर घटना घटाएको बुझिएको छ ।

धर्ना, विरोध प्रदर्शन, सभा लगायतमा बालबालिकाको प्रयोग गर्न नपाइने भएपनि ती जिल्लाहरुमा राय सुझाव लिने क्रममा भएको विरोध प्रर्दशनमा अत्याधिक बालबालिकाको प्रयोग भएको पाइएको छ । बालबालिकाहरुको जीवन, शारीरिक र मानसिक स्वास्थ्यको अधिकारको संरक्षण गर्ने दायित्वबाट विरोध प्रदर्शन गर्ने दलहरु, वर्ग वा समूह, अविभावकहरु र सुरक्षाकर्मीहरु विमूख रहेको पाइएको छ । आगामी दिनमा यस्ता घटना पुनः सिर्जना हुन नदिनका लागि सरकारले सम्बन्धित निकायलाई संचेत र निर्देश गर्न आवश्यक देखिन्छ । संविधान निर्माणको क्रममा गरिएका सुझाव संकलन कार्यक्रममा सर्वसाधारण नागरिकले आफ्ना विचार र सुझाव निर्धक्कसँग राख्न पाउने नैसर्गिक अधिकार हो । उक्त अधिकार प्रयोग गर्दा कहि कतैबाट पनि अवरोध सिर्जना गरिनु, आगजनी, तोडफोडका घटनाहरु हुनु मानव अधिकारको सिद्धान्त विपरीत हुने हुँदा त्यसतर्फ सजग रहन आयोग सम्बन्धित पक्षलाई आग्रह गर्दछ ।

मोहना अन्सारी

सदस्य तथा प्रवक्ता

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल

Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,

Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org